लुम्बिनी प्रदेश सरकार

कृषि, भुमि व्यवस्था तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र गुल्मी

प.सं. : ०८१/०८२

च.नं. :

## प्रस्ताव आह्वानको सूचना

सूचना नं.२०८१/८२-०१

**प्रथम पटक सूचना प्रकाशन मिती २०८१/०७/०१**

आ. व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तल उल्लेखित कार्यक्रममा सहभागि हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले ३०(तिस) दिन भित्र (मिति २०८१/०७/३० गते सम्म) कार्यालय समय भित्र यस कार्यालयमा तपसिलको कागजातहरू सहित निवेदन पेश गर्नुहुन सम्वन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा,व्याबसायिक कार्ययोजना, संलग्न गर्नु पर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेवसाईट gulmi.vethos.gov.np बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यलयको सम्पर्क नम्बर ०७९-५२०२२७ मा वा सूचना अधिकारीको (सम्पर्क नं.९८५७०७४२२७) सम्पर्क गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपशिल**

| क्र.स | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरू | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | आवेदक को किसिम | अनुदानको सीमा | स्वीकृत बजेट रु. |
|---|---|---|---|---|---|---|---|
| १ | पोषण सुधारको लागि ग्रामिण कुखुरा पालन कार्यक्रम | (क) खोर सुधार वा निर्माण,<br>(ख) पोषण आहारा व्यवस्थापन,<br>(ग) खोप र उपचार, उच्च नश्लका चल्ला वितरण,<br>(घ) तालिम,<br>(ङ) दाना पानीका भाँडा,<br>(च) परजीवि नियन्त्रण, | • विपन्न समुदाय (दलित, महिला, मुक्त कमैया, पिछडा वर्ग, जनजाति र अन्य)मा प्राथमिकता दिई स्थान र कृषकको छनोट गर्ने, कम्तीमा २५ जना कृषकहरूको समूह भएको गाउँ नै उत्पादन कलष्टर हुने गरी सञ्चालन हुनु पर्ने,<br>• प्रति कृषक ५० वटा ६ हप्ता हुर्किएको कुखुराको चल्ला वितरण गर्नु पर्ने, | जिल्लाका सम्पूर्ण पालिकाहरु | समूह/ सहकारी | पूर्वाधार निर्माणमा ७५ प्रतिशत र अन्य उत्पादनमूलक क्रियाकलापमा शत प्रतिशत अनुदान। | ११ लाख |
| २ | मत्स्य पालनका लागि प्लास्टीक पोखरी निर्माण कार्यक्रम | कार्यालयले उपलब्ध गराएको ले-आउट तथा डिजाईन अनुसार आवेदकले प्लास्टिक पोखरी निर्माण गर्नु पर्ने। | • स्थायी पानीको श्रोत व्यवस्था भएको हुनु पर्ने,<br>• डिजाईन अनुसार २०० देखी ५०० वर्ग मि.को पोखरीको निर्माण गरी पिंधमा न्यूनतम १२० र डिलमा २०० GSM को बहुपत्रिय प्लास्टिक प्रयोग गर्नु पर्ने,।<br>• जग्गाको स्वामित्व आफ्नै हुनु पर्ने वा जग्गा भाडामा लिएको भए ५ वर्षको करार सम्झौता हुनु पर्ने,पोखरीको गहिराइ कम्तीमा १.५ मिटर हुनुपर्ने। | गुल्मी जिल्लाका सम्पूर्ण पालिकाहरु | निजी फर्म/ कम्पनी | • अधिकतम १ लाख मात्र वा ७५% अनुदान । | ५ लाख |

क्रमश

हुमकान्त पाण्डेय
वरिष्ठ पशु विकास अधिकृत

लुम्बिनी प्रदेश सरकार
कृषि, भुमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र गुल्मी

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | लक्षित समुदाय विशेष आय आर्जन कार्यक्रम | • बाली/वस्तु उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने।<br>• आवश्यक न्यूनतम पूर्वाधार निर्माण।<br>• उत्पादन सामाग्री /औषधी<br>• तालिम तथा सचेतना। | • लक्षित वर्ग विशेष आर्थिक रूपमा विपन्न विपन्न मुक्त कमैया/कम्लहरी, भूमिहीन, मुसहर, चिडिमार ,पासी, मंगता,नटुवा,गडरिया,वादी, बोटे,माझी, किङ्गरिया,कुचबन्धिया,खुना, कुमाल, सोनहा,विपन्न, दलित, राजी,चमार, डोम,आदि सिमान्तकृत वर्गलाई प्राथमिकता दिईनेछ।,<br>• लक्षित समुदायमा प्रति घरधुरी ५० कुखुरा, बाखा/बङ्गुरको हकमा ३ वटा पाठापाठीका दरले र भैसिको हकमा पाडा/पाडी २ ओटाका दरले वितरण गरी आवश्यकता अनुसार खोर/गोठ लगायतका पूर्वाधार निर्माण/मर्मत सम्भार गरी कम्तीमा २० जना घरधुरी समावेश गरी कार्यक्रम सञ्चालन गरिनेछ। | गुल्मी जिल्लाका सम्पूर्ण पालिकाहरु | समूह/ सहकारी | • प्रति घर परिवार अधिकतम रु. ५० हजार सहयोग उपलब्ध गराउन सक्नेछ। | २० लाख |
| ४ | बाखा प्रवर्द्धन कार्यक्रम | • खोरनिर्माण/सुधार,Dipping Tank खरिद/निर्माण तथा जडान<br>• मेसिनरी औजार,<br>• उन्नत घाँस खेती,<br>• नश्ल सुधार,<br>• औषधि उपचार ताथ खोप,<br>• जैविक सुरक्षा आदी। | • प्रति फार्म कम्तिमा ५ माउ बाखा पालन गरेको हुनुपर्ने,<br>• समुह/सहकारीको हकमा कम्तिमा ५० माउ बाखा पालन गरेको हुनुपर्ने।<br>• पशुहरुको विमा गर्ने अभ्यास भएका फार्म/ समुह/सहकारीलाई प्राथमिकता दिइने छ। | मालिका गाउँपालिका का सम्पूर्ण वार्डहरु | फार्म/कृषक समूह/ सहकारी/ कम्पनी | • पूर्वाधार र नश्ल सुधारमा ७५ प्रतिशत<br>• सामाग्री र यन्त्र उपकरणमा ५० प्रतिशत।<br>• फार्म कम्पनीको हकमा अधिकतम १ लाख र समुह सहकारीमा अधिकतम ५ लाख सम्म अनुदान दिन सकिने | १० लाख |
| ५ | भैसी प्रवर्द्धन कार्यक्रम | • गोठ निर्माण/सुधार<br>• मेसिनरी औजार<br>• उन्नत घाँस खेती<br>• नश्ल सुधार<br>• औषधी/उपचार तथा खोप<br>• जैविक सुरक्षा आदी। | • फार्म/कम्पनीले ३ वटा माउ भैंसी सहित ५ वटा भैंसी पालेको हुनुपर्ने।<br>• समुह /सहकारीको हकमा कम्तिमा २५ माउ भैंसी पालन गरेको हुनुपर्ने।<br>• महिला लक्षीत भैंसी प्रवर्द्धनको हकमा १५ वटा माउ भैंसी पालेको हुपर्ने।<br>• पशुहरुको विमा गर्ने अभ्यास भएका फार्म/ समुह/सहकारीलाई प्राथमिकता दिइने छ। | इस्मा गाउँपालिका का सम्पूर्ण वार्डहरु | फार्म/कृषक समूह/सहकारी/ कम्पनी | • पूर्वाधार र नश्ल सुधारमा ७५ प्रतिशत<br>• अन्य उत्पादन सामाग्री र यन्त्र उपकरणमा ५० प्रतिशत<br>• फार्म/कम्पनिको हकमा प्रति आयोजना अधिकतम रु२ लाख<br>• समुह/सहकारी अधिकतम रु५ लाख<br>• महिला समुह/सहकारीमा अधिकतम रु ४ लाख सम्म अनुदान दिन सकिने। | १० लाख |

क्रमश-

२०८१/७/१

हुमकान्त पाण्डेय
वरिष्ठ पशु विकास अधिकृत

लुम्बिनी प्रदेश सरकार
कृषि, भुमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र गुल्मी**

लुम्बिनी प्रदेश सरकार कृषि, भुमि व्यवस्था तथा सहकारी मन्त्रालय पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तम्घास, गुल्मी

<u>संलग्न गर्नु पर्ने कागजातहरू</u>

१ प्रस्तावकको निवेदन। (अनुसूची ३३ बमोजिम)
२ दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३ स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४ कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि। (छनौट भएमा सम्झौता पुर्व पेश गर्नुपर्ने)
५ कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) (अनुसूची-३६ बमोजिम)।
६ सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७ प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि। (समुह/सहकारी/कम्पनीको हकमा मात्र)
८ प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९ अनुमानित लागत रकम(निर्माण गरिने पूर्वाधारको हकमा)
१० जग्गाधनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र)।

**नोटः आवेदकले आवेदन पेश गर्दा सिलबन्दी खाममा राखी पेश गर्नुपर्नेछ। सूचनाहरुमा आवश्यक बुदाहरु छुटहुन गएमा कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविघी २०८१ बमोजिम गरिने व्यहोरा अनुरोध छ।**

२०८१/७/१९

..............................

**हुमकान्त पाण्डेय**
**वरिष्ठ पशु विकास अधिकृत**

क्रमशः-

CamScanner